आज मिति २०७७/०७/१७ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउकार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णयहरु गरियो ।

तपशिलः

| दस्तखत | पदाधिकारीको नाम थर | पद |
|---|---|---|
| | श्री खिमनारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | ~~श्री भिमबहादुर भुजेल~~ श्री रोम ब. खत्री | का.वा. वडाध्यक्ष वडा नं. १ |
| | श्री पर्शुराम सिग्देल | वडाध्यक्ष वडा नं. २ |
| | श्री लेखवहादुर क्षेत्री | वडाध्यक्ष वडा नं ३ |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष वडा नं ४ |
| | श्री डन्डवहादुर राना | वडाध्यक्ष वडा नं ५ |
| | श्री नरवहादुर थापा | वडाध्यक्ष वडा नं ६ |
| | श्री केशमाया थापा | वडाध्यक्ष वडा नं ७ |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जि | कार्यपालिका सदस्य |
| | श्री रेखा बिश्वकर्मा | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्र गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरज वहादुर नेपली | कार्यपालिका सदस्य |
| | श्री पर्शुराम उपाध्याय | सदस्य सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

पर्शुराम उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

खिम नारायण मानन्धर,
[illegible]

| | | |
|---|---|---|
| | महेश्वर अर्याल | अधिकृत छैटौ हरिनास गाउपालिका हरिनास स्याङजा |
| | लक्ष्मी कार्की | सहायक पाचौ हरिनास गाउपालिका हरिनास स्याङजा |
| | लालचन गैहे | सहायक पाचौ हरिनास गाउपालिका हरिनास स्याङजा |

निर्णय न. १

निर्णय नं १ माथि छलफल गर्दा यस हरिनास गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाइको आय श्रोत नभएको र संस्था संचालन गर्दा लागेको बिजुली बत्तिको सेवा शुल्क गाउँपालिका कार्यालयबाट भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं. २

निर्णय नं २ माथि छलफल गर्दा आ.ब. २०७७/०७८ को गाउपालिका बाट स्वीकृत भएका योजनाहरुको उपभोक्ता समिति गठन गरी सम्वन्धीत वडा कार्यालयहरुले योजना सम्झौताका लागी गाउपालिका कार्यालयमा पठाउने र सम्झौता भए पश्चात काम शुरु गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

निर्णय नं ३ माथि छलफल गर्दा गाउँपालिकाको क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको पिसिआर गरी सम्वन्धित वडाका बासिन्दाहरुलाइ आफनै वार्डमा पठाउने र कोभिड १९ को समस्या वा लक्षण देखिएमा गाउँपालिकाको स्वास्थ्य शाखामा खवर गरी पिसिआर को व्यवस्था गर्ने बिदेश वा संक्रमित स्थानवाट यस पालिकामा प्रवेश गर्ने व्यक्तिहरु आफै सजग रहि होम क्वारेन्टाइनमा वस्ने साथै हाल संचालनमा सम्झौतानुसार राखिएका सवारी साधन दुइलाइ कार्तिक मसान्त पश्चात फिर्ता पठाउने निर्णय गरियो ।

निर्णय नं. ४

निर्णय नं ४ माथि छलफल गर्दा हरिनास गाउँपालिका वार्ड नं. ७ बस्ने देव वहादुर बि.क. घासकाटन जादा लडेको र निजको आर्थिक अवस्था कमजोर हुंदा निजलाइ आर्थिक सहायता वापत रु १५०००/- आर्थिक सहायता गर्ने निर्णय गरियो ।

CamScanner